## ३६औं बैठक

आज मिति २०७६।०७।२७ गतेका दिन धनगढी उप-महानगरपालिकाकानगर प्रमुख श्री नृप बहादुर वडज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति :

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री नृप बहादुर वड | नगर प्रमुख | |
| २ | श्री सुशीला मिश्र भट्ट | नगर उप-प्रमुख | |
| ३ | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४ | श्री नर बहादुर बम | कार्यपालिका सदस्य | |
| ५ | श्री बल बहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६ | श्री दिपक कुमार थापाक्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री हिरा सिंह पातली | कार्यपालिका सदस्य | |
| ८ | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९ | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १० | श्री नारायण प्रसादवराल | कार्यपालिका सदस्य | |
| ११ | श्री प्रेम सिंह भण्डारी | कार्यपालिका सदस्य | |
| १२ | श्री राजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३ | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४ | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५ | श्री बिजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६ | श्री राम बजारी चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री फूल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८ | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| १९ | श्री माधव राना | कार्यपालिका सदस्य | |
| २० | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | |
| २१ | श्री तिलुराम चौधरी | कार्यपालिका सदस्य | |
| २२ | श्री सिता राना | कार्यपालिका सदस्य | |
| २३ | श्री बसन्त कुमार ठाकुर | कार्यपालिका सदस्य | |
| २४ | श्री कल्याणी सिंह | कार्यपालिका सदस्य | |
| २५ | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६ | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७ | श्री प्रेम बहादुर बि.क. | कार्यपालिका सदस्य | |
| २८ | श्री रिस्नी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९ | श्री प्रेम सिंह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३० | श्री नारायण प्रसाद सापकोटा | सचिव | |

आमन्त्रित - श्री छत्र बहादुर बडेला, वा.नं. ४ सदस्य,

Scanned by CamScanner

**प्रस्ताव नं.१ :** धनगढी उप-महानगरपालिकालाई विभिन्न प्राविधिक, विविध र कानून परामर्शका विशेषज्ञ सेवाहरु सेवा खरिदको माध्यामबाट (खरीद सम्झौता) सेवा करारमा लिने सम्वन्धमा निर्णयार्थ प्रस्तुत प्रस्ताव

**विद्यमान अवस्था :**

धनगढी उप-महानगरपालिका साविकको १४ वार्डहरुबाट विस्तार भै १९ वटा वडाहरु भएको । तर विकास निर्माणको लागी प्राविधिक जनशक्ति अत्यन्त कम भएको । नेपाल सरकारले कर्मचारी समायोजन गर्दा समेत स्वीकृत दरवन्दीको सिनियर डिभिजनल इन्जिनियर पदमा समेत हाल सम्म कुनै प्राविधिक रा.प.द्वि. स्तरको जनशक्ति यस धनगढी उप-महानगरपालिकामा समायोजन नगरेको । कम्प्युटर data processing गरि data analysis को आधारमा प्रतिवेदन तयार गरि आवश्यक नीति निर्णय गरि कार्यक्रम कार्यान्वयन गर्न कार्यालयमा कम्प्युटर सहायकहरु समेत नभएको । नेपालको संविधान वमोजिम न्यायिक समितिको कार्य जिम्मेवारी नगर उप-प्रमुखलाई तोकिएको तर आवश्यक कानूनी दक्ष जनशक्ति ( कानूनी परामर्श सेवा जनशक्ति ) उपलव्ध गराउन नसकिएको । साथै कार्यालयका सवारी साधन मर्मत संभार , लिलाम बिक्री गर्न आवश्यक प्राविधिक जनशक्ति नभै, मर्मत संभार, लिलाम, खरिद लगायतका काम गर्न समेत कठिन भएको । विद्यमान अवस्थालाई मध्यनजर गरि नगरपालिकाले वार्षिक रुपमा र दैनिक रुपमा सम्पन्न गर्नु पर्ने प्राविधिक काम कुशलता पूर्वक सम्पन्न गरि नगरवासीलाई सुलभ र गुणस्तरीय रुपमा सेवा उपलब्ध गराउन वान्छनिय देखी यस पूर्व यस उप.म.न.पा.को कार्यपालिका वैठक बाट नगरपालिकालाई आवश्यक परेका विभिन्न विशेषज्ञ सेवाका पदहरु सेवा करारको माध्यमवाट खरिद गर्नु परी सोका लागी खुल्ला विज्ञापन गराई लिखित र मौखिक परीक्षा र पद र सेवा अनुसार प्रयोगात्मक जाँच समेत गराई आवश्यक प्राविधिक जनशक्ति छनौट गर्न यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा परीक्षा सञ्चालन तथा छनौट समिति गठन गरिएको । सो समितिले प्राप्त गरेको कार्य विवरणको आधारमा आवश्यक प्राविधिक जनशक्ति छनौट गरी निर्णयार्थ यस सम्मानित नगर कार्यपालिका वैठकमा कार्यपालिकाका सचिव मार्फत प्रस्तुत भएको पाइयो र ज्ञात समेत हुन आयो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४(संसोधन २०७५) को दफा ८३ को उप ७ को कानूनी व्यवस्था बमोजिम " नगरपालिकाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारवाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्ने छ " भन्ने विद्यमान कानूनी व्यवस्था रहेको साथै सोही दफाको उप-दफा ८ मा प्रतिष्पर्धाको आधारमा सेवा करारवाट लिन सकिने कानूनी व्यवस्था गरेको विद्यमान अवस्था समेत अध्ययन र बिष्लेषण गरि संपूर्ण व्यवस्था उपर छलफल समेत गरियो ।

उल्लिखित विद्यमान अवस्था र कानूनी व्यवस्थाको आधारमा यस धनगढी उप-महानगरपालिकालाई तपशील वमोजिम समस्या समाधान गर्न निम्न वमोजिम निर्णय लिई निकाश दिन उपयुक्त देखि आवश्यक निर्णय समेत गरियो ।

**विद्यमान समस्या :**

- नगरपालिकावाट धनगढी उप.न.पा.मा स्तरोन्नती भएको तर सो अनुसार आवश्यक विशेषज्ञ जनशक्ति उपलव्ध हुन नसकेको ।
- दरवन्दी स्वीकृत भएतापनि Senior Divisional Engineer को हालसम्म समायोजन नभएको ।

Scanned by CamScanner

- Data Analysis गरी सोका आधारमा नीति तर्जुमा गर्न आवश्यक Operator जनशक्ति उपलब्ध नभएको ।
- दरबन्दी स्वीकृत अनुसार आवश्यक विशेषज्ञ जनशक्ति ( Civil Engineering , Superstructure Engineer, Mechanical Engineer ) हाल सम्म समायोजन भै नआएको ।
- आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्न कठिन भएको ।
- पूर्वाधार निर्माण र घर नक्शा स्वीकृतीमा आवश्यक जनशक्ति अभाव भएको ।
- कार्यालयका सवारी साधन मर्मत, संभार लिलाम लगायतका काम गर्न आवश्यक प्राविधिक जनशक्ति नभएको ।
- आवश्यकता अनुसारका कम्प्युटर दक्ष जनशक्ति उपलब्ध नभएको । कामको लागी प्रत्येक दिन दक्ष जनशक्ति ज्यालामा लिनु परेको ।
- न्याय प्रशासन चुस्त र सरल पार्न दक्ष जनशक्ति नभएको ।

## उल्लिखित अवस्थाबाट परेको प्रभाव र असर

- नगरपालिकावाट सेवा प्रवाह छिटो , छरितो र गुणस्तरीय वनाउन चुनौती देखिएको ।
- कर्मचारी संख्या भएतापनि दक्ष प्राविधिक जनशक्ति नभै विकास निर्माणका काममा तिब्रता दिन नसकिएको ।

## निर्णय नं.१

नि.नं.१को(क) : उल्लिखित विद्यमान अवस्था र नगरपालिकाको विकाश निर्माण कार्य संचालन व्यवस्थापन र सेवा प्रवाह सुलभ र गुणस्तरीय रुपमा उपलब्ध गराउन परीक्षा छनौट समितिबाट सिफारिस भएका विशेषज्ञ जनशक्ति लाई स्थानीय सरकार संचालन ऐन २०७४ (प्रथम संसोधन २०७५) को दफा ८३ को उप-दफा ७ को आधारमा पेश भयानुसारका पद र श्रेणीका आवश्यकीय प्राविधिक, विविध र कानूनी परामर्श सेवाका जनशक्ति, सेवा खरिदको माध्यमबाट खरिद गरि योग्यताक्रमको छनौटमा परेका व्यक्तिहरुलाई सेवा करार (खरिद सम्झौता) गर्न प्र.प्र.अ.लाई अख्तियारी दिने निर्णय गरियो । साथै, नगरपालिकाको आवश्यकता अनुसार उल्लिखित सेवाका वैकल्पिक सूचिका उम्मेदवारहरुलाई समेत आवश्यकता अनुसार काममा लगाउन मुनासिव देखिएमा न.पा.को आन्तरीक आयबाट खर्च व्ययभार लेख्ने गरि योग्यताक्रम सूचिको आधारमा क्रमश: वैकल्पिक १ वाट छनौट गर्दै खरिद सम्झौता गर्न समेत प्र.प्र.अ.लाई अख्तियारी प्रदान गरियो ।

नि.नं.१को(ख) :वैकल्पिक सूचीमा परेका उम्मेदवारहरुको हकमा सिफारिस भएको मितिले एक वर्ष भित्र संवन्धित दरवन्दीको छनौट भएको व्यक्तिले कुनै किसिमवाट छाडी गएमा वा सेवावाट अवकाश गरिएमा उल्लिखित नि.नं.१ को (क) वमोजिम वैकल्पिक योग्यता (Merit) सूचिको अधारमा वैकल्पिक उम्मेदवारलाई सेवा करार गर्न सकिने गरि प्रमुख प्रशासकीय अधिकृत लाई अख्तियारी दिइयो ।

नि.नं.१को(ग) :सेवा करारका विशेषज्ञ, विविध र कानून परामर्श सेवाको तलव भत्ता र सुविधा नगरपालिकाको आन्तरिक आयवाट भुक्तानी लेख्ने निर्णय गरियो । तलव सुविधाको हकमा नेपाल सरकारले सम्वन्धित तहको लागी तोके अनुसार गर्ने निर्णय गरियो । विदाको हकमा वार्षिक वाह्र दिन विरामी विदा मात्र उपलब्ध गराउने र सार्वजनिक विदाको दिन वाहेक अरु दिन काममा लगाउने निर्णय गरियो । सुविधाको

Scanned by CamScanner

हकमा नेपाल सरकारले तोकेको भत्ता रकम अनुसार हुने गरि र एक महिनाको पारिश्रमिक बराबरको वार्षिक चाडपर्व खर्च समेत उपलब्ध गराउने निर्णय गरियो । साथै, सवारी साधनको हकमा सम्वन्धित व्यक्तिले आ-आफनो साधन प्रयोग गर्नु पर्नेछ । कार्यक्षेत्रमा खटिदा इन्धन खर्च वापत प्रशासनले प्रमाणित गरेको आधारमा मासिक रु.२०००। बराबरको प्रति व्यक्ति इन्धन सुविधा र सवारी साधन मर्मत खर्च उपलब्ध गराइने गरी सम्झौता गर्ने अख्तियारी प्रदान गरियो ।

नि.नं.१को(घ) :सेवा करारको लागि लिखित, प्रयोगात्मक र अन्तर्वार्तामा भएको संपूर्ण विधिवत खर्च र व्यवस्थापकिय लगायत मसलन्द खर्च समेत अनुमोदन गर्ने निर्णय गरियो ।

नि.नं.१को(ङ) : उल्लिखित निर्णयानुसार छनौटको लागी निर्णय भएका प्राविधिक विशेषज्ञ,विविध सेवा, कानूनी परामर्श सेवाको करार सम्झौता गर्न, प्रचलित कानून बमोजिम पत्राचार गर्न, खरिद सम्झौता गर्नका लागि सार्वजनिक सुचना प्रकाशित गर्न प्र.प्र.अ.लाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

नि.नं.१को(च) : व्यवस्थापन समितिले इमानदारीपूर्वक कर्तव्य पालना गरी छनौट भएका उम्मेदवार निर्णयार्थ कार्यपालिका बैठकमा पेश गर्नु भएकोमा समितिका पदाधिकारी लाई हार्दिक धन्यवाद दिने निर्णय गरियो । सार्वजनिक सूचनाको माध्यमवाट छनौट भएका बिशेषज्ञ सेवा, विविध सेवा, कानून परामर्श सेवा (कार्यालयको विद्यमान जनशक्तिले अपुग भै प्रचलित कानून बमोजिम सेवा करारमा लिईएका विशेषज्ञ सेवा क्रमश: इन्जिनियरिङ्ग सेवा अन्तर्गतका उल्लिखित पद र सेवा, विविध सेवाका उल्लिखित पद र सेवा, कानून परामर्श सेवाका उल्लिखित पद र सेवा ) हरुको तलव, भत्ता तथा अन्य सुविधा प्रचलित नेपाल कानून अनुसार हुनेछ । सो आधारमा कामको मासिक हाजिर प्रमाणित गरी न.पा.को आन्तरीक आयवाट भुक्तानी गर्ने निर्णय गरियो । सेवा करारका उल्लिखित पदहरुमा म्याद थप गर्नु परेमा नगर कार्यपालिकाको बैठक अनुसार ६/६ महिनाको म्याद थप गरिने समेत निर्णय गरियो । यस करार सेवामा सेवाको लागि खरिद सम्झौता गर्ने निर्णय लिंदा पर्न आउने संपूर्ण व्ययभारको जस/अपजस, सम्पूर्ण आर्थिक व्ययभारको जिम्मेवारी यस धनगढी उप-महानगरपालिकाको नगर कार्यपालिकाले लिने समेत सर्वसम्मतिले निर्णय गरियो ।

नगर कार्यपालिका बैठकको स्वीकृत निर्णय बमोजिम गठन भएको परिक्षा संचालन व्यवस्थापन तथा छनौट समितिको निर्णयले नगरपालिकाको लागी विभिन्न बिशेषज्ञ सेवाको लागी विभिन्न बिषयकाविशेषज्ञ सेवा खरिदको माध्यमबाट सेवा करार गर्न देहाय बमोजिमका बिशेषज्ञ पदका लागी खुल्ला बिज्ञापन मार्फत लिखितआवश्यकता , अनुसार प्रयोगात्मक र अन्तरवार्ता परिक्षामा सफल भएका उमेदवार लाई लिखित परिक्षा ,आवश्यकता अनुसार प्रयोगात्मक र अन्तरवार्ता परिक्षावाट प्राप्त अंकको आधारमा योग्यता क्रम कायम हुन आएका उमेदवारहरुलाई योग्यता सूची र प्रतिक्षा सूचिको योग्यताक्रम कायम भए बमोजिम सुचना प्रकाशित गर्ने अख्तियारी प्र.प्र.अ.लाइ प्रदान गर्ने निर्णय गरियो । साथै सफल भएका र वैकल्पिक सुचिका छनौट उम्मेदवारको नाम नामेसी तपसिल बमोजिम राखी प्रमाणित गरिएको छ ।

तपसिल:

सफल योग्यताक्रम:

बिज्ञापन नं. १/२०७६/२०७७ माग पद संख्या : ३ पद: सिभिल इन्जिनियर सेवा समुह : इन्जिनियरिंग श्रेणी:अधिकृत छैटौ

Scanned by CamScanner

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | वावु/ आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | १५ | सौरभकलौनी | धनगढी – ५ | कृष्ण/ दुर्गेश | भगिरथ |
| २ | ४२ | करनबहादुरधामी | बुंगल – २ | घस्से/ गोमा | नरसिंह |
| ३ | ४९ | रोशनखड्का | धनगढी – ४ | इन्द्र/दिपा | जित |

बैकल्पिक योग्यताक्रम:

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | वावु/ आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | ४० | सुवाषपाठक | धनगढी – ५ | यज्ञराज/यसोदा | दामोदर |
| २ | ६२ | राजनकुमारराना | धनगढी – ४ | करन सि / अंगारवती | जगन्नाथ |
| ३ | २५ | दुर्गाओझा | धनगढी-१३ | महादेव/ गौरी देवी | जगन्नाथ |

सफल योग्यताक्रम:

विज्ञापन नं. २/२०७६/२०७७माग पद संख्या : १ पद:स्ट्रक्चर इन्जिनियर सेवा समुह : इन्जिनियरिंग श्रेणी:अधिकृत छैटौ

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | वावु/ आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | २ | रविन्द्रउप्रेती | भीमदत्त – ३ | हरि/ कुन्ती | दुर्गा |

बैकल्पिक योग्यताक्रम:

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | वावु/ आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ — | — | — | — | — | — |

सफल योग्यताक्रम:

विज्ञापन नं. ३ /२०७६/२०७७ माग पद संख्या : १ पद: कानुनी परामर्श सेवा सेवा समुह : श्रेणी:अधिकृत छैटौ

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | वावु/ आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | १ | खडकसिंहकुन्जेडा | धनगढी – १ | गणेश/ तुल्छा देवी | उदय सिं |

बैकल्पिक योग्यताक्रम:

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | वावु/ आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ — | — | — | — | — | — |

सफल योग्यताक्रम:

विज्ञापन नं. ४ /२०७६/२०७७ माग पद संख्या : ९पद: सब इन्जिनियर सेवा समुह : इन्जिनियरिंग श्रेणी: सहायक स्तर पाचौ

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | वावु/ आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | ४३ | प्रदीपशर्मा | हेकुली-५ दांग | हेमराज/ पर्वता | गिरि राज |
| २ | ३८ | विष्णुबहादुरखड्का | धनगढी – १ | सेर बहादुर / लक्ष्मी | जंग बहादुर |
| ३ | ६५ | हिमाल रावल | त्रिवेणी – ९ | मनिराम/ सपना | धने |
| ४ | १३४ | हर्क राज गिरि | धनगढी – ८ | इन्द्र लाल / सरस्वती | आइतवारी |
| ५ | ५२ | केशब बुढा | कैलाशमान्डू – १ | जनक/ नता | नन्दु |
| ६ | ७१ | इन्द्र खाती | गौरिगंगा – ११ | लाली/ बहाना देवी | ढुस्से |

Scanned by CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | १४ | मेनुका चौधरी | धनगढी – ४ | शिवचरण/ मिना | मान बहादुर |
| ८ | ६७ | जितेन्द्र शाही | धनगढ़ी – २ | दान/ नानी | रुद्र |
| ९ | २४ | दिल खड्का | गोदावरी – २ | गोबिन्द/ तारा | साइमल |

बैकल्पिक योग्यताक्रम:

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | वावु/ आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | ९६ | निर्मल खड्का | सोड्सादेवी – ५ | मिन/ इन्द्रा देवी | डम्मर सिंह |
| २ | ५० | कृष्ण रावल | कृष्णपुर-६ कंचनपुर | धन/ पशुपती | छविलाल |
| ३ | ७९ | दान बहादुर धामी | धनगढी – २ | नरदल/ नन्द कला | अकरमान |
| ४ | ६६ | देवराज जोशी | धनगढी – १२ | भूमिराज/ भगवती | धर्मराज |
| ५ | २१ | धर्म राज जोशी | धनगढी – ५ | रंगलाल/ गोमा | देवराज |
| ६ | २८ | हरि सिंह धामी | गोदावरी – ४ | रणवीर/ पार्वती | |
| ७ | ३० | सुरेश भण्डारी | कृष्णपुर – २ कंचनपुर | मिन/ घप्पू | दल बहादुर |

सफल योग्यताक्रम:

विज्ञापन नं. ५ /२०७६/२०७७ माग पद संख्या : १पद: सहयक कम्प्युटर अपरेटर सेवा समुह : विविध श्रेणी: सहायक स्तर चौथो

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | वावु/ आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | २१ | शिवनारायण चौधरी | धनगढी – १९ | विष्णु/ रनिया | फिरु |

बैकल्पिक योग्यताक्रम:

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | वावु/ आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | २७ | हेमन्त शाही | धनगढ़ी – ५ | खडक/ भगवती | राम |
| २ | ६ | पुजा गहतराज | धनगढी – ४ | गजेन्द्र/ निर्मला | रविन्द्र |
| ३ | १५ | योगेश जोशी | धनगढी – ५ | मनिराम/ हरिना | नन्दराम |

सफल योग्यताक्रम:

विज्ञापन नं. ६/२०७६/२०७७ माग पद संख्या : १पद: मेकानिकल सब इन्जिनियर सेवा समुह : इन्जिनियरिंग श्रेणी: सहायक स्तर पाचौ

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | वावु/ आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | ७ | सतविर राना | धनगढी – १० | शंकर/ सतिया | छुट्टन |

बैकल्पिक योग्यताक्रम:

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | वावु/ आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | ६ | राम बहादुर वि.क. | धनगढी – २ | नरी/ कौशिल्या | गिरि |
| २ | ३ | कृतन गर्तौला | गगनपानी – ५ धादिंग | सालिकराम/ देव कुमारी | मनोरथ |

सफल योग्यताक्रम:

विज्ञापन नं. ७ /२०७६/२०७७ माग पद संख्या : ३पद: असिस्टेन्ट सब इन्जिनियर सेवा समुह : इन्जिनियरिंग श्रेणी: सहायक स्तर चौथो

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | वावु/ आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | ६१ | किरण चौधरी | धनगढी – ५ | जंग/ कलावती | खुसिराम |
| २ | २४ | भरत शाही | धनगढ़ी – ५ | गोपाल/ कलावती | दल बहादुर |
| ३ | ३६ | प्रेम राना | धनगढी – ८ | फिरंगी/ फुलमती | खडकु |

Scanned by CamScanner

बैकल्पिक योग्यताक्रम:

| यो.क्र.नं. | रोल नं. | उम्मेदवारको नाम थर | ठेगाना | वावु/ आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| १ | ५३ | विक्रमबहादुर खड्का | धनगढी – २ | पूर्ण सिंह / इश्वरा | धनराज |
| २ | ६४ | प्रदीपपंगाली | धनगढी – १४ | तोयराम/ तुल्क्षी | हुत |
| ३ | १४ | नबिन सि धामी | धनगढी – ३ | बिर सिंह / लालमती | कासी |
| ४ | ७२ | अर्जुन सि धामी | सिँगास – १ | नन्दे | विजुवा |

**निर्णय नं.२**

यस न.पा.ले यस पूर्व न.पा.को स्वामित्वमा रहेको चालु आ.व.०७६।०७७ को लागि वसपार्कको वन्दोवस्त सम्वन्धमा टेण्डरको न्युनतम बोल रकम रु.७५,०००,०००। कायम गरी वोलपत्र आव्हान गरेकोमा विविध कारणले सो अङ्कमा वोलपत्र प्रस्ताव आउन नसकेकोले रु.६५,००,०००। लाख न्युनतम वोल अङ्क कायम गरी न.पा.को कार्यालयले आव्हान गरेको वोलपत्र लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :घरभाडा वृद्धि सम्बन्धमा**

यस कार्यालयले विगत वर्ष देखी कार्यालय संचालनको लागी वडा कार्यालयहरु प्रयोजनको लागी, परियोजना RUDP को लागि स्वास्थ्य सेवा प्रवाहको लागी प्र.प्र.अ.को निवासको लागी उपलव्ध गराएको घर भाडाको साविक घरधनी कै सम्झौतालाई चालु आ.व.०७६।०७७ का लागी समेत कायमै राख्ने निर्णय गरियो । साथै करीव दुई वर्ष सम्म घर भाडा वृद्धि नभएकोले घरधनीको माग, समय अन्तरालको मुल्यवृद्धि (मुद्रास्फिती) र महंगी समेतलाई मध्य नजर गरी सवै घर भाडा रकममा ०७६।०४।०१ देखी लागु हुने गरि दश (१०) प्रतिशतले वृद्धि गरि न.पा.को आन्तरीक आयवाट खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

१९ वटै वडामा चालु आ.व.का लागी न.पा.कार्यालयले विनियोजन गरेको बजेट एउटै Specification भएको Package मा बोलपत्र निकाल्न Specification को निश्चितता नभएकोले एकीकृत लागत इष्टिमेट निकाल्न संभव देखिएन । तसर्थ : सवै वडा को पृथक , पृथक Specification र Cost estimate तयार गरी प्रचलित कानून वमोजिम दरभाउ पत्र कोटेशनको आधारमा विभिन्न सामाग्री, मेशिनरी, मालसामान, कार्यालय सामान आदि खरिद गर्न सम्वन्धित वडाको विनियोजित बजेटको रु.५,००,०००। मा नवढने गरी नियमानुसार कोटेशनको माध्यमवाट खरिद गर्न सम्वन्धित वडाका वडा कार्यालयका कार्यालय प्रमुख मार्फत सम्पूर्ण कागजात सहित प्रमुख प्रशासकीय अधिकृत कहाँ खरिदको लागि निर्णयार्थ पेश गर्न अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, जर्मन दुतावास र भादा होमस्टे बीच सन् २०१९/४/३० मा भएको समझदारी पत्रानुसार यस उप-महानगरपालिका अन्तर्गत वडा नं.१६ भादा स्थित होमस्टे प्रवर्द्धन सम्वन्धी विभिन्न कार्यक्रमहरु संचालन गर्नको लागि जर्मन सरकार बाट रु.१९,२०,०००।- भादा होमस्टे वाट रु.४,५५,०००।- र यस उप-महानगरपालिकावाट रु.२८,५०,०००।-. ब्यहोर्ने गरी समझदारी

Scanned by CamScanner

भएको हुँदा सो कार्यक्रम संचालन गर्न यस उप-महानगरपालिकावाट व्यहोरिने रु.२८,५०,०००।- स्वीकृत गर्ने निर्णय गरियो । साथै श्रोतको हकमा न.पा.को आन्तरीक आयवाट व्ययभार लिइने निर्णय गरियो । कार्यक्रम संचालन गर्नको लागी कार्यक्रम अधिकृतको रुपमा श्री टेकराज भट्ट लाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं.६**

यस धनगढी उप-महानगरपालिका द्धारा संचालित योजना , आयोजना, परियोजना तथा कार्यक्रमलाई अनुगमन तथा मुल्यांकनको माध्यमवाट दिगो, वातावरणमैत्री, पारदर्शी तथा जनसहभागितामूलक वनाई सुशासन प्रवर्द्धन गर्दै गुणस्तरीय र नतिजामुखी बनाउन वाञ्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा २४ को उपदफा ६ र दफा १०२ बमोजिमको अधिकार प्रयोग गर्दै स्थानिय तहको योजना संचालन , व्यवस्थापन तथा अनुगमन मुल्यांकन को लागि ' अनुगमन तथा मूल्यांकन कार्यविधि २०७६' स्वीकृती गर्ने निर्णय गरियो । साथै, उल्लिखित स्वीकृत कार्यविधि यस उप-महानगरकार्यपालिकाको राजपत्रमा प्रकाशित भएको दिन देखि नै लागु हुने कानूनी व्यवस्था ज्ञात गरियो ।

**निर्णय नं.७**

माथि छलफल गर्दा चालु आर्थिक वर्षमा सडक वोर्ड नेपाल संगको सहकार्यमा धनगढी उप-महानगरपालिका वडा नं.१ कैलाली पुल देखी सेतोपुल सम्मको मुख्य सडक नाली देखि नाली सम्म चौडा गर्ने र आवधिक मर्मत गर्ने कार्यका लागी लागत अनुमान तयार गर्दा जम्मा लागत रु.१,४७,९५,९३५।९९ (एक करोड सर्चालिस लाख पन्चानव्वे हजार नौसय पैतिस रुपैया निनान्सय पैसा ) लाग्नेमा यस आर्थिक वर्षमा सडक वोर्ड नेपालले रु.८०,००,०००। (असि लाख ) विनियोजन गरेको हुँदा उक्त सडक मर्मत गर्न आवश्यक पर्ने रु.६७,९५,९३५।९९ (सर्सठ्ठी लाख पन्चानव्वे हजार नौसय पैतिस रुपैया निनान्सय पैसा ) उप-महानगरपालिकाले म्याचिंग फण्ड स्वरुप भैपरी आउने शिर्षकवाट खर्च गर्ने गरि वजेट स्वीकृत गरि सडक मर्मत गर्ने कार्य संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

सरोकारवाला सबै संग छलफल र समन्वय गरी सरसफाईलाई व्यापक रुपमा अगाडी बढाउने निर्णय गरियो साथै, Container आवश्यक पर्ने स्थानहरुको पहिचान गरी सबैको सहभागितामा Container (Garbage ) राख्ने व्यवस्था मिलाउने समेत निर्णय गरियो ।

**निर्णय नं. ९**

यस ध.उ.म.न.पा.अन्तर्गत आ.व.२०७६/०७७ को वार्षिक खरिद योजनाको चालु खर्च अन्तर्गत शिर्षक नं.९९ मा सेवा र परामर्श खर्च सम्वन्धी जम्मा रु.६०,००,०००/- ( अक्षेरुपी: साठी लाख मात्र ) विनियोजन भएको हुँदा तपसिल वमोजिमका कार्य सम्पन्न भैसकेका र निर्माणाधीन परामर्श सेवाहरुमा खर्च गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजना | लागत अनुमान |
|---|---|---|
| १ | Preparation of IUDP of Dhangadhi Sub Metropolitan City | १०,२०,०००/- |
| २ | Detailed Engineering Survey, Soil Investigation, Design, Cost Estimates & Preparation of Detailed Project Report (DPR) of Jokhaiya Nala Bridge Ward No.11 and Sukhai Guhari Nala Bridge Ward No.16 | १९,९०,०००/- |
| ३ | Detailed Engineering Survey, Design, Cost Estimates & | १०,००,०००/- |

Scanned by CamScanner

| | | |
|---|---|---|
| | Preparation of Detailed Project Report (DPR) of 5 lakes in Ward N0. 6 (Nathaniya, Lambi, Kafani, Kuilahi, Khilahawiya and Sukhaiya Taal) | |
| ४ | Detailed Engineering Survey, Soil Investigation, Design, Cost Estimates & Preparation of Detailed Project Report (DPR) of Nast Collage East Nala Bridge Ward No.4 & 5 and Sukuti Nala Bridge Ward N0. 11 | १९,९०,०००/- |

## निर्णय नं.१०

तपसिल बमोजिक योजनाहरुलाई कार्यानवयन तथा समर्थन गर्ने निर्णय गरियो । तल उल्लिखित सि.नं.२१ को हकमा सम्वन्धित कोषवाट खर्च लेख्ने निर्णय गरियो ।

| बजेट बिनियोजन गर्नु पर्ने योजनाहरु | | | | |
|---|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | स्थान | खर्च हुने रकम | खर्च शिर्षक |
| १ | Construction of Hume Pipe Culvert | वडा नं.१९ | ४,४५,७५०.०० | भैपरी आउने पुँजीगत |
| २ | Construction of Hume Pipe and Slab Culvert | वडा नं.६,१९ | ३,३६,८८३.०० | भैपरी आउने पुँजीगत |
| ३ | बजार क्षेत्रको नालीमा Slab निर्माण गर्ने कार्य | वडा नं.१,२ | ५,००,०००.०० | मर्मत सम्भार कोष |
| ४ | Shopping Complex मा Staircase निर्माण गर्ने कार्य | वडा नं.१ | ३,८१,१००.०० | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च |
| ५ | माया कुँवरको घर देखि ध्रुर्व वहादुर स्वारको घरसम्म सडक PCC गर्ने कार्य | वडा नं.२ | २,८८,०५०.०० | भैपरी आउने पुँजीगत |
| ६ | क्यान्टिन तथा स्टोर निर्माण गर्ने कार्य | वडा नं.१ | ४,३२,३८५.०० | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च |
| ७ | धनगढी उप-महानगरपालिका-१२ नवदुर्गा मन्दिर वि गाउँ जुगेडा (सार्वजनिक शौचालय) | वडा नं.१२ | ३,००,०००.०० | भैपरी आउने पुँजीगत |
| ८ | धनगढी उप-महानगरपालिका ३ बोराडाडी कान्तिपुर टोल श्याम किराना पसलदेखि उत्तर लक्ष्मण भट्टको घरसम्म सडक कालोपत्रे | वडा नं.३ | १,४५,०००.०० | भैपरी आउने पुँजीगत |
| ९ | धनगढी उप-महानगरपालिका १ र ५ अन्तर्गतका विभिन्न सडक हरुमा ग्राभेल तथा सडक मर्मत गर्ने कार्य | वडा नं.१,५ | ४,३६,४८०.०० | भैपरी आउने पुँजीगत |
| १० | धनगढी उप-महानगरपालिका अन्तर्गतका विभिन्न वोडाहरुमा ग्राभेल तथा सडक मर्मत गर्ने कार्य | वडा नं.२,३,४,१० | ४,९५,२००.०० | भैपरी आउने पुँजीगत |
| ११ | धनगढी उप-महानगरपालिका ०२ कैलाली नालामा तटवन्ध निर्माण गर्ने कार्य | वडा नं.२ | १,००,०००.०० | भैपरी आउने पुँजीगत |
| १२ | होटेल डीभोटी देखि पिपल चौतारा सम्म सडक मर्मत सुधार तथा ग्राभेल | वडा नं.५ | १,८३,०००.०० | भैपरी आउने पुँजीगत |
| १३ | SPA क्याम्पस देखि भागेश्वर सडक कालोपत्रे | वडा नं.२ | २,२०,०००.०० | भैपरी आउने पुँजीगत |
| १४ | जिन्सी शाखा अगाडीको गेट तथा वेली स्वास्थ्य केन्द्र Aluminium Partition र Aishwarya Truss Bridge किनारामा तटवन्धन | वडा नं.१,७,८ | ५,००,०००.०० | भैपरी आउने पुँजीगत |
| १५ | वडा नं.०८ कार्यालयमा Aluminium Partion, कार्यालय परिसर भित्र मर्मत | वडा नं.१,८ | ५,००,०००.०० | भैपरी आउने पुँजीगत |
| १६ | सडक नालीमा Plaster गर्ने कार्य (शिवशक्ति तेल मिल देखि दक्षिणकाली सडक) | वडा नं.४ | ५,००,०००.०० | धनगढी उप-महानगरपालिका -४ शिवशक्ति मिल देखि |

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | | दक्षिणकाली रोड कालोपत्रे |
| १७ | शिवशक्ति तेल मिल देखि दक्षिणकाली सडकमा विजुलीको पोल स्थान्तरण गर्ने कार्य | वडा नं.४ | २,७३,०००.०० | धनगढी उप-महानगरपालिका -४ शिवशक्ति मिल देखि दक्षिणकाली सडकमा विजुलीको पोल स्थान्तरण |
| १८ | शिवशक्ति तेल मिल देखि दक्षिणकाली सडकमा खानेपानी लाइन विस्तार | वडा नं.४ | ९,००,०००.०० | धनगढी उप-महानगरपालिका -४ शिवशक्ति मिल देखि दक्षिणकाली सडकमा खानेपानी लाइन विस्तार |
| १९ | चिल्ड्रेन पार्क कम्पाउण्डवाल | वा.नं.१ | ५,००,०००.०० | निर्मित संरचना मर्मत |
| २० | पार्क अगाडीको stage निर्माण slab, Block बिछाउने काम | वा.नं.१ | ५,००,०००.०० | पार्किङ स्थल व्यवस्थापन |
| २१ | जिल्ला प्रशासन कार्यालय कैलालीमा गार्डेन वनाउने काम | जिल्ला प्रशासन वा.नं.१ | ५,००,०००.०० | पार्क बनाउने/ वातावरण संभार कोष |
| २२ | शिवपार्वती मन्दिर धर्मशाला निर्माण धनगढी १५ उर्मा | वा.नं.१५ | २,००,०००.०० | धर्मशाला निर्माण /भैपरी पुंजीमा |
| २३ | Dhangadhi Shoping Complex अगाडी Transfer जडान गर्ने कार्य | वा.नं.१ | ३,८४,०००.०० | भैपरी पुंजीगत |

## निर्णय नं.११

यस धनगढी उप-महानगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा ११ वटा शहरी स्वास्थ्य केन्द्र भवन निर्माणका लागि वोलपत्र आव्हान भई सम्झौता समेत भई काम शुरु भएको तर स्वास्थ्य विभागवाट हाल सम्म निकासा प्राप्त नभएको र निकासा आउन समय लाग्ने भएकोले हाललाई काम शुरु गराउन निर्माण व्यवसायीलाई नियमानुसार १०% रकम करीव ५० लाख आवश्यक भएकोले उक्त रकम भैपरी पुंजीगत शीर्षकवाट रकमान्तर गरी खर्च गर्ने र पछि सोधभर्ना गर्ने निर्णय गरियो ।

## निर्णय नं.१२

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको च.नं.६४३ मिति २०७६।०६।२८ को प्राप्त पत्रानुसारको स्थानीय तहको साझेदारी स्वरुपमा कार्यक्रम संचालन गर्न प्राप्त अनुमति बमोजिम धनगढी पोलिटेक्निक इन्स्टीच्यूटको नाममा कार्यक्रम संचालन गर्ने तथा धनगढी उप-महानगरपालिका, नगर शिक्षा समितिको मिति २०७६।०७।२४ को निर्णय नं.४ को धनगढी पोलिटेक्निक इन्स्टीच्यूट संचालन गर्ने सम्वन्धी सिफारिसको कार्यान्वयन सम्वन्धमा छलफल गरी अनुमति दिने निर्णय गरियो ।

## निर्णय नं.१३

आवश्यकता अनुसार उल्लिखित प्राविधिक डिप्लोमा कक्षाहरु संचालन गर्न संचालक समितिको गठन गर्न नगर प्रमुखलाई अख्तियारी दिने निर्णय गरियो ।

## निर्णय नं.१४

Scanned by CamScanner

आवधिक शैक्षिक नगर शिक्षा योजना - २०७६ तर्जुमा गर्न अख्तियारी दिने निर्णय गरियो । साथै, नगर शिक्षा योजना तर्जुमा गर्न कार्यदल गठन, खर्चको वन्दोवस्तीको निर्णयका लागी वेस नेपाल लाई अनुरोध गर्न नगर प्रमुखलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं.१५**

तपसिल वमोजिमका योजनाहरुको DPR तयार गरी सुदूरपश्चिम प्रदेश सरकारलाई वजेट व्यवस्थाका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिल**

१ चटकपुर चौराहा देखि राजघाट जाने सडक वा.नं.३

२ वेलाधाम पर्यटकीय क्षेत्र विकास कार्यक्रम वा.नं.११

३ राजपुर देखि मोहनपुर सम्मको प्रस्तावित Ring road वा.नं.१३

**निर्णय नं.१६**

यस धनगढी उप-महानगरपालिकाको मेनरोड कैलाली पूल देखि जिल्ला प्रहरी कार्यालय पूल सम्मको सडक Upgrading गर्ने कार्य नगरपालिका आफैले संचालन गर्ने र सोका लागि RUDP Consultant ( BDA) बाट तयार भएको माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७**

सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७६।०६।०८ च.नं.५२१९ को पत्र सम्वन्धमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्रचलित खरिद कानून र सो को नियमावली प्रतिकुल हुने गरि सडक कालोपत्रे (पिच) लगायत उच्च प्रविधिका कामहरु ठेकेदारहरु परिचालन गरि उपभोक्ता समितिले काममा लगाउने गरेको र यस प्रयास र प्रवृत्तिले सुशासन कायम गर्न चुनौतीपूर्ण देखिएकोले उल्लिखित अवस्थाका विकाश निर्माण काम उपभोक्ता समितिले नगर्न/नगराउन र विकाश निर्माणका काममा उपभोक्ता समितिहरुले ठेकेदार (निर्माण व्यवसायी) परिचालन नगर्न निर्देशन सहित लेखि आएकोले उपभोक्ता समिति मार्फत विकाश निर्माणका कामहरु गर्दा/गराउँदा नगरपालिकाले प्रचलित कानून विपरित नगर्ने र उपभोक्ता समितिले गरे/गराएको भए गर्न नलगाउने निर्णय गरियो । साथै, प्रचलित कानून अनुसार उपभोक्ता समितिले विकाश निर्माण का काम गर्न/गराउन यस कार्यपालिका मार्फत नगर कार्यपालिकाको कार्यालयले पत्राचार गर्न अख्तियारी दिईयो । उपभोक्ता समिति मार्फत काम गर्दा/गराउँदा उच्च गुणस्तर कायम गरि विकाश निर्माण गर्न/गराउन र कमजोरी भए गरेमा नियन्त्रण/निर्देशन दिने जिम्मेवारी समेत यस कार्यपालिकाले लिने निर्णय गरियो ।

**निर्णय नं.१८**

यस धनगढी उप म.न.पा.को कार्यालयका शिक्षा महाशाखा प्रमुख श्री विष्णु प्रसाद कोइरालालाई आवाश सुविधा वापत मासिक रु.१०,०००। (अक्षरुपी रु.दश हजार मात्र ) न.पा.को आन्तरीक आयबाट खर्च लेख्ने र २०७६।०८।०१ देखी लागु हुने गरि खर्च लेख्ने गरि अख्तियारी दिने समेत निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं. १६

१ चालु आ.व.०७६।०७७ मा ऋणात्मकमा गएका शिर्षक पानी विजुली, विविध कार्यक्रममा क्रमशः रु.६० लाख र रु.४ (चार ) लाख थप गर्ने निर्णय गरियो । साथै, उल्लिखित खर्च न.पा.को आन्तरीक आयवाट खर्च लेख्ने निर्णय गरियो ।

२ कैलाली पुल देखी जि.प्र.का पुल सम्म दुई तर्फी पक्की नाली निर्माणको लागी टेण्डर आव्हान गर्ने निर्णय गरियो । श्रोतको हकमा न.पा.को आन्तरीक आयबाट वहुवर्षिय रुपमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

३ सामाजिक परिचालक लाई निर्णय भएको मिति आज देखि भुक्तानी लेख्ने गरि प्रति व्यक्ति रु.३०००। थप गर्ने निर्णय गरियो । यस सम्वन्धमा आ.व.०७६।०७७ कार्तिक २८ गते वाट लागु हुने छ ।

४ साविक फुलवारी स्वास्थ्य चौकीमा कार्यरत ल्याव टेक्निसियन टेकराज चौधरी र अ.हे.व. टेकनाथ पोखरेलको ०७६।०७७ श्रावण १ गते देखी लागु हुने गरि म्याद थप गरी सम्झौता गर्ने निर्णय गरियो । सेवा सुविधाको हकमा सोही तहका अन्य स्वास्थ्यका कर्मचारीले पाए सरह सेवा सुविधा दिने र श्रोतको हकमा न.पा.को आन्तरीक आयवाट बहन गर्ने निर्णय गरियो ।

५ विभिन्न संस्था, निकायको Sponsirship र निमन्त्रणामा नगर प्रमुख र उप-प्रमुखको वेदैशिक भ्रमण प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो ।

६ भैपरी आउने पुंजीगत वाट खर्च भएको रकम सम्वन्धित शिर्षकवाट मिलान गर्ने निर्णय गरियो । र हाल सम्मको विधिवत खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

७ न.पा.को स्वामित्वमा आएको साविक महिला विकास कार्यालय सवारी साधनको रिन्यु गर्न लाग्ने खर्च न.पा.को आन्तरीक आयवाट व्यय लिने निर्णय गरियो । लाग्ने खर्च र विमा न.पा.को आन्तरीक आयवाट खर्च लेख्ने निर्णय गरियो । र नविकरण गर्न अख्तियारी दिइयो ।

८ साविक घर नक्सा पास नभएका घरहरुलाई विधि संवत तरिकाले नक्सा पास गर्न एक पटकका लागी सूचना प्रकाशित गर्न नक्सा शाखालाई अख्तियारी दिने निर्णय गरियो ।

९ भादा होमस्टे कार्यक्रम संचालन गर्न न.पा.को तर्फको खर्च रु.अठ्ठाइस लाख न.पा.को आन्तरीक आयवाट खर्च लेख्ने गरि अख्तियारी प्रदान गरियो ।

१० न.पा.को तर्फवाट CTEVT को प्राविधिक सपोर्टमा संचालन हुने Trade School ( Auto Mobile ) को लागी आवेदनवाट उठेको निवेदन दस्तुर लगायत सम्पूर्ण आम्दानी गरी छुट्टै खाता संचालन गर्न अनुमति दिने निर्णय गरियो । साथै, ट्रेड स्कुल संचालनमा कार्यक्रम

Scanned by CamScanner

संयोजक श्री राम ब.वि.क.लाई तोक्ने निर्णय गरियो । साथै निज राम व.वि.क.सेवा करारको लागी वैकल्पिक सूचीमा रहेकाले निजलाई सेवा करार गर्न अख्तियारी प्रदान गरियो ।

११ न.पा.वाट स्वास्थ्य शाखाको चालु आ.व.को लागी औषधी खरिद गर्न आव्हान गरेंको बोलपत्रमा स्वास्थ्य जस्तो संवेदनशील विषयमा गम्भीर्यता हेरी न.पा.ले बोलपत्र दातालाई योग्यता तोकी उपलव्ध गराएको वोलपत्र प्रस्ताव कागजातका थप शर्तहरुलाई स्वीकृत समर्थन गर्ने निर्णय गरियो । साथै मुल्यांड्डन को लागी मुल्याङ्कन समिति गठन गरी मुल्याङ्कन प्रक्रिया अगाडी बढाइ खरीद सम्झौता गर्न प्र.प्र.अ.लाई अख्तियारी दिने निर्णय गरियो ।

Scanned by CamScanner